## प्रसंगः स्थानीय सरकार सञ्चालनको सातवर्ष

# प्रमुख प्रशासकीय अधिकृतको भूमिका र अभिमत

✍कृष्णहरि बास्कोटा*
✍डा. संजिब हुमागाई*

## लेखसार

नेपालको संघीय प्रणाली र स्थानीय सरकारहरूको सञ्चालनमा प्रमुख प्रशासकीय अधिकृतहरूको महत्वपूर्ण भूमिका र कर्तव्यहरूको विश्लेषण गरिएको छ । संघीय संरचनामा तीन तहका सरकारहरूको स्थापना भएको छ र स्थानीय सरकारहरू यी तहहरूको महत्वपूर्ण अंगका रूपमा काम गर्दैछन् । नगर प्रमुख र गाउँपालिका अध्यक्षहरूले राजनैतिक नेतृत्व प्रदान गर्दै स्थानीय जनताको समस्याहरूलाई सम्बोधन गर्छन् भने, वडाध्यक्षहरू वडास्तरमा प्रशासनिक कार्यहरूमा सक्रिय छन् । प्रमुख प्रशासकीय अधिकृतहरूले संघीय सरकारका प्रतिनिधिहरूको रूपमा स्थानीय प्रशासनको नेतृत्व गर्दछन् र सरकारका कार्यक्रमहरूको कार्यान्वयनमा पारदर्शिता र दक्षता कायम राख्ने प्रयास गर्छन् । लेखमा प्रमुख प्रशासकीय अधिकृतहरूको जिम्मेवारीहरूको पनि चर्चा गरिएकोछ, जसमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आर्थिक विकास, गरिबी निवारण, महिला, बालबालिका र पिछडिएका समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउने कार्यक्रमहरूको कार्यान्वयन गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । यसका साथै, दीर्घकालीन र आवधिक योजनाहरूको निर्माण र बजेट निर्माणको महत्त्व पनि वर्णन गरिएको छ ।

अन्त्यमा, प्रमुख प्रशासकीय अधिकृतहरूको कानूनी जिम्मेवारीहरू, तिनीहरूको भूमिका र कार्यप्रणालीका बारेमा अभिमत प्रस्तुत गरिएको छ । यसले सार्वजनिक प्रशासनमा रहेका समस्याहरू, जस्तै असारे विकास र न्यून पुँजीगत खर्चको समस्या समाधानमा सहयोग पुऱ्याउन सक्छ ।

## शब्द कुन्जी :

संघीय प्रणाली, स्थानीय सरकार, प्रशासनिक व्यवस्था, प्रमुख प्रशासकीय अधिकृतको भूमिका, स्थानीय आर्थिक विकास, कानुनी प्रावधानको कार्यान्वयन, सुशासन र पारदर्शिता ।

## परिचयः

मुलुक संघीय प्रणालीमा प्रवेश गरी तीन तहका सरकारहरूको स्थापनासँगै स्थानीय सरकारहरू संघीय शासन प्रणालीका महत्वपूर्ण खम्बा बनेका छन । स्थानीय सरकारहरूको प्रमुख भूमिकामा नगर प्रमुख वा गाउंपालिका अध्यक्ष रहेका छन् जसले राजनीतिक नेतृत्वको बागडोर समाल्दै स्थानीय जनताको

*श्री बास्कोटा पूर्व सचिव तथा प्रमुख सूचना आयुक्त । हाल नेपाल जनप्रशासन संघको पूर्व अध्यक्ष (IPP) हुनुहुन्छ ।
*डा. हुमागाई कार्यक्रम संयोजक, नेपाल खुल्ला विश्वविद्यालय, मानवशास्त्र, समाजशास्त्र तथा राजनीतिशास्त्र, एमफिल कार्यक्रम ।

समस्याहरूलाई सम्बोधन गर्दै, विकासको कार्यलाई अगाडि बढाउँदै राजनैतिक भूमिका निर्वाह, सहकार्य, समन्वय जनअपेक्षाअनुरूप काम गरिरहेका छन् । यसबाहेक, वडा सञ्चालनको जिम्मेवारी वडाअध्यक्षले पाएका छन् । वडाअध्यक्षले आफ्नो वडा क्षेत्रको विकास र प्रशासनिक गतिविधिहरूमा महत्वपूर्ण भूमिका निभाउँछन् । जसले स्थानीय स्तरमा सरकारको कार्य प्रभावकारी बनाउन मद्दत पुऱ्याउँछ । प्रशासनिक पक्षमा प्रमुख प्रशासकीय अधिकृतहरूको भूमिका अत्यन्तै महत्त्वपूर्ण छ । यिनीहरूले संघीय सरकारका प्रतिनिधिको रूपमा स्थानीय प्रशासनको नेतृत्व गर्छन् र कार्यान्वयनमा यथासम्भव पारदर्शिता र दक्षता कायम राख्न प्रयास गर्दछन् । यिनीहरू प्रशासनिक कामका साथै राजनीतिक दलहरू बीच समन्वयकारी भूमिकामा रहन्छन् । जसले गर्दा विभिन्न दलहरूको बीचमा सुसम्वाद र सहकार्य स्थापित गर्नमा मद्दत पुऱ्याउँछ। संघीय शासन प्रणालीका यी प्रमुख अंगहरूको सही समन्वय र नेतृत्वले स्थानीय सरकारहरूको कार्यसम्पादनलाई मजबुत बनाउँछ र यसले लोकतान्त्रिक प्रणालीको मजबूती र विकासमा योगदान पुऱ्याउँछ ।

प्रमुख प्रशासकीय अधिकृतहरू सर्वप्रथम उनीहरू संघीय गणतन्त्रात्मक लोकतन्त्रप्रति मन, वचन र कर्मले प्रतिबद्ध हुनुपर्छ। उनीहरू सुशासन र विधिको शासनका पक्षधर हुनुपर्छ। उनीहरूले तीन तहको सरकारको सुसम्बन्ध, सहयोग र सहअस्तित्वमा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ । साथै, उनीहरूले जनताबाट अनुमोदित भएका जनप्रतिनिधिले निर्माण गरेका नीतिहरूलाई प्रभावकारीढंगले कार्यान्वयन गर्नुपर्छ ।

यसरी प्रमुख प्रशासकीय अधिकृतहरू सम्बैधानिक व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानुनको हुबहु कार्यान्वयनमा खरो उत्रिनु पर्छ। स्थानीय सरकार सञ्चालन ऐनमा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढने तथा स्थानीय वासिन्दाको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा कम लागत लाग्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने व्यबस्था छ । यसैगरी, स्थानीय स्रोत, साधन, सीपको अधिकतम् प्रयोग हुने, महिला, वालवालिका तथा पिछडिएका वर्ग र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्धन गर्न सघाउ पुऱ्याउने र भाषिक तथा सांस्कृतिक पक्षको जर्गेना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने कार्यक्रमहरूलाई प्राथमिक्ता दिनु पर्ने व्यबस्था छ । यस अनुसार दीर्घकालीन सोच, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माणमा प्रमुख प्रशासकीय अधिकृतले अहम् भूमिका निर्वाह गर्नुपर्छ ।

नेपालको संघीय संरचनामा प्रमुख प्रशासकीय अधिकृतहरूको भूमिका अत्यन्त महत्वपूर्ण छ । यी अधिकारीहरूले संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्य प्रचलित कानूनहरूको कार्यान्वयनमा खरो उत्रनु पर्दछ । प्रमुख प्रशासकीय अधिकृतहरूको मुख्य दायित्व भनेको सरकारी नीति र कानूनी प्रावधानहरूको पालना गर्दै स्थानीय सरकारका क्रियाकलापहरूलाई प्रभावकारी बनाउनु हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारहरूलाई आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने आयोजनाहरूलाई प्राथमिकता दिन निर्देशन दिएको छ । यस ऐनमा उत्पादन र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर र रोजगारीमा सुधार ल्याउने, र स्थानीय

वासिन्दाको सक्रिय सहभागिता सुनिश्चित गर्ने कार्यक्रमहरूको महत्त्व उल्लेख गरिएको छ । प्रमुख प्रशासकीय अधिकृतहरूले यस प्रावधानलाई ध्यानमा राखी कम लागतमा बढी फाइदा दिने योजनाहरूको कार्यान्वयनमा ध्यान दिनुपर्छ ।

यस्तै, यस स्थानीय सरकार सञ्चालन ऐनमा महिला, बालबालिका र पिछडिएका वर्गका समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउने, लैंगिक समानता र सामाजिक समावेशीकरणलाई बढावा दिने, र दिगो विकासका लक्ष्यहरू हासिल गर्ने कार्यक्रमहरूको प्राथमिकता निर्धारण गर्ने व्यवस्था गरिएको छ। प्रमुख प्रशासकीय अधिकृतहरूले यी कार्यक्रमहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु अत्यन्त आवश्यक छ, जसले गर्दा सामाजिक न्याय र समानता सुनिश्चित होस् । दीर्घकालीन योजनाहरू र बजेट निर्माण गर्नु प्रमुख प्रशासकीय अधिकृतहरूको अर्को महत्वपूर्ण कर्तव्य हो । यसमा, मध्यमकालीन् खर्च संरचना र वार्षिक नीति तथा कार्यक्रमहरूको समन्वय आवश्यक छ। प्रमुख प्रशासकीय अधिकृतले वार्षिक नीति र बजेटको निर्माणमा महत्वपूर्ण भूमिका निभाउँदै योजनाहरूको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु पर्दछ । यसका लागि, प्रमुख प्रशासकीय अधिकृतहरूले समग्र स्थानीय स्रोत र साधनहरूको अधिकतम प्रयोग गर्नुपर्नेछ। यसले स्थानीय सरकारका योजनाहरूलाई कार्यान्वयन गर्ने क्रममा प्रभावकारिता र दिगो विकास सुनिश्चित गर्न मद्दत पुऱ्याउँछ ।

समाजको सशक्तिकरण र एकताका साथै प्रमुख प्रशासकीय अधिकृतहरूले सामाजिक समावेशीकरण र सामाजिक सद्भावको प्रवर्द्धनमा पनि भूमिका खेल्नुपर्छ । यसका लागि विविध भाषिक र सांस्कृतिक पक्षको संरक्षण र प्रवर्द्धन गर्ने कार्यक्रमहरूको कार्यान्वयनमा जोड दिनु पर्छ । यसले न केवल स्थानीय समुदायको एकता बढाउँछ, बरु सामाजिक र सांस्कृतिक विविधतालाई सम्मान गर्ने वातावरण पनि सिर्जना गर्दछ । प्रमुख प्रशासकीय अधिकृतहरूले स्थानीय सरकारको प्रभावकारी सञ्चालन र समृद्धि सुनिश्चित गर्न संविधान, कानून, र ऐनका प्रावधानहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्नेछ। यसका साथै, उनीहरूले दीर्घकालीन र प्रभावकारी योजना निर्माण, बजेट निर्माण र कार्यक्रमहरूको कार्यान्वयनमा नेतृत्व दिनुपर्नेछ, जसले स्थानीय सरकारलाई जनताको हितमा दिगो र सुसज्जित बनाउँछ ।

स्थानीय सरकार सञ्चालन ऐनमा बृहत् पूर्वाधार निर्माण, ठूला मेशिन तथा औजार खरिद, विपद् व्यवस्थापन, यातायात सञ्चालन तथा व्यबस्थापन र फोहोरमैला व्यबस्थापनको काम छिमेकी पालिकाहरूसंग मिलेर गर्नुपर्ने व्यवस्था छ। साथै, बस्ती विकास र भूउपयोग योजना, पर्यटन प्रबर्द्धन र सांस्कृतिक विकास, संयुक्त उद्यम, आधारभूत र माध्यमिक शिक्षा तथा प्राविधिक शिक्षा तथा स्थानीय बजार व्यवस्थापन र वातावरण संरक्षणसम्बन्धी काममा पनि छिमेकी पालिकासंग सहकार्यमा गर्नुपर्ने व्यवस्था छ । यी कामको समन्वय प्रमुख प्रशासकीय अधिकृतले गर्नुपर्छ ।

गाउँ र नगर सभा सञ्चालनका लागि प्रदेश सभाबाट कानून निर्माण हुन्छ । यसैगरी, जनप्रतिनिधिका सुविधासम्बन्धी कानुन पनि प्रदेश सभाबाट नै जारी हुन्छ। यस अतिरिक्त, गाउँ वा नगरसभाबाट कानून निर्माणको प्रक्रिया पनि प्रदेश सभाबाट निर्मित कानुनद्वारा निर्धारित हुन्छ । यसर्थ, प्रमुख प्रशासकीय अधिकृतले यी कानुनको अध्ययन गरी सबै जनप्रतिनिधिहरूलाई तालीमका माध्यमद्वारा जानकारी समेत गराई सभालाई व्यबस्थित र मर्यादीतढंगले सञ्चालन गरी सभाको सचिवको साख राख्नुपर्छ ।

मुख्यतः तालीम दिने कार्यलाई प्राथमिकता दिनु पर्दछ । यसरी, जनप्रतिनिधिहरूलाई यथासम्भव कानून र प्रक्रियासम्बन्धी पूर्ण जानकारी दिनु आवश्यक छ, ताकि सभा व्यवस्थित र मर्यादितढंगले सञ्चालन होस् । प्रमुख प्रशासकीय अधिकृतले एक महत्वपूर्ण भूमिका निर्वाह गर्दै सभाको सचिवको रूपमा काम गर्नु पर्छ । यसले जनप्रतिनिधिहरूको कार्यसम्पादनलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ र लोकतान्त्रिक प्रक्रियामा पारदर्शिता सुनिश्चित गर्दछ । प्रमुख प्रशासकीय अधिकृतको दायित्व भनेको सभाको सञ्चालनलाई नियमसंगत र तर्कसंगत ढंगले सुनिश्चित गर्नु हो, जसले जनताको चासो र विश्वासलाई जित्न मद्दत गर्छ । यसरी, प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा, कानुनको राम्रो ज्ञान र यसको कार्यान्वयनमा दक्षता सुनिश्चित गर्दै, सभालाई प्रभावकारी र व्यवस्थित ढंगले सञ्चालन गर्ने क्षमता प्रदर्शन गर्न सकिन्छ ।

प्रमुख प्रशासकीय अधिकृतले सभा र कार्यपालिकाको सचिवकोरुपमा भूमिका निर्वाह गर्ने क्रममा यी निकायहरूबाट भए गरेका निर्णयहरूको कार्यान्वयन गर्नु गराउनु पर्छ । यसैगरी, निजले बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमनमा प्रभावकारी योगदान गर्नुपर्छ । प्रमुख प्रशासकीय अधिकृतले भ्रष्टाचार नियन्त्रणमा सून्य सहनशीलताको नीति अख्तियार गर्दै बेरुजुरहित स्थानीय सरकार निर्माण गर्न मिहिनत गर्नुपर्छ । यसैगरी, पूँजीगत बजेटको खर्च बृद्धि गर्न, फजुल खर्च नियन्त्रण गर्न र स्थानीय सरकारभित्रको सार्वजनिक सम्पत्तीको सुरक्षा गर्न निकै चनाखो हुनुपर्छ । पालिकाको स्वमूल्यांकन, वित्तिय जोखिम न्यूनीकरण, बालमैत्री शासनलगायतका सूचकांकमा पालिकालाई उत्कृष्ट स्थानमा पुऱ्याउन पहल गर्नु पर्छ । यिनै कामको माध्यमद्वारा प्रमुख प्रशसकीय अधिकृतले आफ्नो उपस्थिति प्रमाणित गर्न सक्तछन् । यिनै कानूनी व्यबस्था र व्यबहारिक कार्यप्रणाली बीच प्रमुख प्रशासकीय अधिकृतको भोगाइका नजरबाट स्थानीय सरकारलाई नियाल्ने ध्येयले उनीहरूको अभिमतसमेत यस आलेखमा समेटिएको छ ।

## अभिमतको पृष्ठभूमि

Centre For Innovative Governance Practices (CIGP) ले काठमाण्डौंमा दुई समूहमा गरी ५९ जना प्रमुख प्रशासकीय अधिकृत (प्र.प्र.अ.)हरूलाई स्थानीय सरकार सञ्चालनका विधिहरूका सन्दर्भमा तीन दिने प्रशिक्षण सञ्चालन गरेको थियो । सो प्रशिक्षणमा सहभागी भएका प्रमुख प्रशासकीय अधिकृतहरूको अभिमत बुझी स्थानीय सरकार सञ्चालनका विविध पाटोलाई उजागर गर्ने प्रयास गरिएको छ । प्रशिक्षणको क्रममा सहभागीहरूले स्थानीय सरकारका कानुनी, प्रशासनिक र संरचनात्मक पक्षबारे गहन छलफल गरेका थिए । सहभागीहरूले स्थानीय सरकारका योजनाहरूको प्रभावकारीता, चुनौति र समाधानबारे अनुभव आदानप्रदान गरेका थिए । सो सर्वेक्षणमा विभिन्न तह र वर्गका प्रमुख प्रशासकीय अधिकृतहरूको प्रतिनिधित्व रहेको थियो । सहभागीहरूको विचार, अनुभव, र सुझावले स्थानीय सरकार सञ्चालनका पाटाहरूलाई थप स्पष्ट बनाउन योगदान पुऱ्याएको थियो । यस प्रशिक्षणले स्थानीय सरकारलाई अझ सुदृढ र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेलेको थियो । यस सर्वेमा निम्नानुसारका प्रमुख प्रशासकीय अधिकृतहरूको सहभागिता रहेको छ ।

- सर्वेक्षणमा सहभागी स्थानीय तहका ५९ प्रमुख प्रशासकीय अधिकृत (७.८४%)
- प्रमुख प्रशासकीय अधिकृतको रूपमा पहिलो पालिका ३१.०३%, प्रमुख प्रशासकीय अधिकृतको रूपमा दोस्रो पालिका स् २७.५८%, प्रमुख प्रशासकीय अधिकृतको रूपमा तेस्रो पालिका: १७.२४%, प्रमुख प्रशासकीय अधिकृतको रूपमा चौथो पालिका: १२.०७%, प्रमुख प्रशासकीय अधिकृतको रूपमा पाँचौं पालिका: १२.०७%
- २० देखि २९ वर्ष उमेर समूह : १.७%, ३० देखि ३९ वर्ष उमेर समूह स् ४२.३%, ४० देखि ४९ वर्ष उमेर समूह : ३०.५%, ५० देखि ५९ वर्ष उमेर समूह :२५.४२%
- शैक्षिक योग्यता: स्नातक : ५%, स्नातकोत्तर: ९५%
- प्रदेश : कोशी १६%, मधेश १६%, बागमती २२.८%, गण्डकी १६%, लुम्बिनी २१%, कर्णाली १.७%, सुदूरपश्चिम, ५.२६%

## प्रमुख प्रशासकीय अधिकृतको कानुनी व्यबस्था:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(१) मा गाउँपालिका तथा नगरपलिकाको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एक जना प्रमुख प्रशासकीय अधिकृत रहने व्यबस्था छ । कानुनअनुसार सभा र कार्यपालिकाको सचिवका रूपमा प्र.प्र.अ.ले अहम् भूमिका निर्वाह गर्नुपर्छ । निजले यी दुई निकायबाट भएका निर्णयको कार्यान्वयन गराउनु पर्छ । प्र.प्र.अ.ले दीर्घकालीन सोच, आवधिक योजना, मध्यमकालीन् खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेटको खाका तयार गर्नुपर्छ । हरेक स्थानीय सरकारको वित्तीय कारोवारको जिम्मेवार अधिकृतको भूमिका निर्वाह गर्नुपर्छ । निजले विकास कार्यक्रमको कार्यान्वयन गराउने, सरकारको सम्पत्ती संरक्षण गर्ने, समितिहरूलाई प्रभावकारी तुल्याउन सहजीकरणको भूमिका निर्वाह गर्ने लगायत स्थानीय सरकार सञ्चालनका यावत काम गर्नुपर्छ । यी सबै काममा तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ भनी सोधिएको प्रश्नको उत्तर निम्नानुसार जवाफ प्राप्त भएको छ:

## विश्लेषण १ : साधारण सन्तुष्टि

**आफ्नो काम प्रतिको सन्तुष्टि (%)**

| पूर्ण सन्तुष्ट | आंशिकरुपमा सन्तुष्ट | ठिकै | थोरै मात्र सन्तुष्ट | पूर्ण रूपमा सन्तुष्ट |
|---|---|---|---|---|
| ४२ | ४४ | १४ | - | - |

यसलाई सार्वजनिक प्रशासनको वृहत समस्याको रूपमा बुझ्नु पर्दछ । स्थानीय सरकारका प्रशासकीय प्रमुखहरू मध्ये ५०% पनि अहिले आफूले सम्पादन गरिरहेका कामहरू प्रति पूर्ण रूपमा सन्तुष्ट हुन् नसक्नुका कारणहरू पहिचान गर्दा मात्रै अहिले हामीले सार्वजनिक प्रशासनमा झेली रहेका समस्या जस्तै असारे विकास, न्यून पुँजीगत खर्च, खस्कदो सार्वजनिक शिक्षाको गुणस्तरमा सुधार गर्न सक्दछौं ।

**आफ्नो सहकार्य क्षमता प्रतिको सन्तुष्टि** (%)

| पूर्ण सन्तुष्ट | आंशिकरूपमा सन्तुष्ट | ठिकै | थोरै मात्र सन्तुष्ट | पूर्णरूपमा सन्तुष्ट |
|---|---|---|---|---|
| २६ | ५८ | १४ | २ | - |

यो तथ्याङ्कलाई माथिको तथ्याङ्क संग जोडेर विश्लेषण गर्नु आवश्यक छ। आफ्नो कामप्रतिको असन्तुष्टिलाई सार्वजनिक रूपमा स्वीकार गरेका उनीहरूले आफ्नो सहकार्य क्षमतामा आफैले प्रश्न गरेका छन् । यसले आगामी दिनमा सहकार्यको वातावरण र क्षमता विकासमा विशेष ध्यान दिनु पर्ने प्रष्ट संग देखाएको छ ।

## स्थानीय सरकारका कर्मचारीको अबस्था :

हालका स्थानीय सरकारहरूमा विभिन्न किसिमका कर्मचारी कार्यरत छन्, जसले प्रशासनिक विविधता र कार्यक्षमतामा विभिन्नता ल्याएको छ। प्रमुख प्रशासकीय अधिकृत (प्र.प्र.अ.) संघीय सरकारका प्रतिनिधिका रूपमा सेवा गरिरहेका छन, जब कि लेखापाल लगायतका अन्य केही कर्मचारी संघीय सरकारबाटै खटिएका छन। कतिपय स्थानीय सरकारहरूमा प्रदेश सरकारका कर्मचारीहरूको पनि उपस्थिति देखिन्छ। गाउँपालिका र नगरपालिकामा संघीय लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गरी समायोजन भएका कर्मचारीहरूको योगदान उल्लेखनीय छ । साथै प्रदेश लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गरी कार्यरत कर्मचारीहरू पनि छन । यस बाहेक, विभिन्न निकायबाट समायोजन भै आएका स्थायी कर्मचारी, अस्थायी नियुक्तिमा रहेका कर्मचारी, ज्यालादारी आधारमा काम गर्ने कर्मचारी तथा दातृ निकायहरूको सहायताबाट खटिएका कर्मचारीहरूको उपस्थिति स्थानीय सरकारमा पाइन्छ। यस्ता कर्मचारीहरूको विविध पृष्ठभूमि र नियुक्ति प्रक्रियाले स्थानीय सरकारको कार्यक्षमतामा सकारात्मक र नकारात्मक दुवै प्रभाव पार्न सक्छ ।

प्रमुख प्रशासकीय अधिकृतहरूसँग गरिएको सर्वेक्षणमा सहकर्मी कर्मचारीहरूको क्षमताप्रति सन्तुष्टि मापन गर्दा उनीहरूको धारणा र अनुभवहरू फरक-फरक देखिएको छ । प्राप्त उत्तरहरूले सङ्केत गर्दछ कि कर्मचारीहरूको विविधतालाई प्रोत्साहन गर्दै एकीकृत प्रशिक्षण, क्षमता विकास, र संस्थागत समन्वयमार्फत स्थानीय सरकारहरूको समग्र कार्यसम्पादनलाई सुधार गर्न सकिन्छ। यस्तो व्यवस्थापनले मात्र स्थानीय सरकारको प्रभावकारिता र जनउत्तरदायित्व सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछ । यस सन्दर्भमा प्र.प्र.अ.हरूसंग सहकर्मी कर्मचारीको क्षमताप्रतिको सन्तुष्टि मापन गर्न सोधिएको प्रश्नको उत्तर निम्नानुसार प्राप्त भएको छ ।

## विश्लेषण २ : क्षमता प्रतिको सन्तुष्टि:

**सहकर्मी कर्मचारीको क्षमता प्रतिको सन्तुष्टि** (%)

| पूर्ण सन्तुष्ट | आंशिकरुपमा सन्तुष्ट | ठिकै | थोरै मात्र सन्तुष्ट | पूर्ण रूपमा सन्तुष्ट |
|---|---|---|---|---|
| ७ | ४८ | ४० | ५ | |

मुलुक संघीयतामा गएपश्चात् स्थानीय तहका कर्मचारीहरूको भूमिका परिवर्तन भए पनि तदनुरूपको क्षमता र वातावरण विकासमा पर्याप्त काम हुन् नसकेको स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूको निष्कर्ष रहेको छ। वातावरण विकासका लागि संघीय निजामती कर्मचारी ऐनको बारेमा धेरै चर्चा भए पनि क्षमता विकासको बारेमा सोहीअनुसारको चर्चा हुन् सकेको थिएन । यो तथ्याङ्कले क्षमता विकास त्यसमा तीन तहका सरकार, गैर सरकारी क्षेत्रको सहकार्य र नियमित अनुगमनको पाटोलाई पनि उजागर गरेको छ :

हरेक स्थानीय सरकारमा निर्वाचित जनप्रतिनिधि छन् । नगर प्रमुख वा अध्यक्षले कार्यकारी अधिकारसहित स्थानीय सरकारको नेतृत्व गरेका छन् । उपप्रमुख र उपाध्यक्षले न्यायिक समितिको संयोजकसहितको जिम्मेवारी पाएका छन् । सबै वडाअध्यक्षहरू वडा समितिको प्रमुख र कार्यपालिको सदस्यको हैसियतको भूमिका छन् । केहि जनप्रतिनिधिहरू कार्यपालिकाको सदस्य तथा विभिन्न समितिको संयोजक र सदस्य भएका छन् । यी सबै प्रकारको भूमिका निर्वाहप्रति प्र.प्र.अ. को सन्तुष्टि मापन गर्ने प्रश्नमा निम्नानुसार जवाफ प्राप्त भएको छ :

**जनप्रतिनिधिको क्षमता प्रतिको सन्तुष्टि** (%)

| पूर्ण सन्तुष्ट | आंशिकरूपमा सन्तुष्ट | ठिकै | थोरै मात्र सन्तुष्ट | पूर्णरूपमा सन्तुष्ट |
|---|---|---|---|---|
| - | ३६ | ३८ | २२ | ४ |

स्थानीय तहमा कर्मचारी र निर्वाचित पदाधिकारी बीच अविश्वास छ भन्ने विषय लामो समय देखि चर्चामा थियो र यो अध्ययनको नतिजाले पनि त्यसको धारणा धेरै हद सम्म सत्यता रहेको देखिएको छ । त्यसता अविश्वासका धेरै कारण र आयामहरू हुन् सक्दछन् । यो अध्ययनले जनप्रतिनिधिको क्षमताको बारेमा जनप्रतिनिधिहरूले राख्ने धारणालाई प्राथमिकता दिएको थियो । माथिको तथ्याङ्कले जनप्रतिनिधिको क्षमतामाथि प्रमुख प्रशासकीय अधिकृतहरूको केही प्रश्न रहेको देखाउँछ । उनीहरूले के-कस्ता क्षमतामाथि प्रश्न उठाएका छन् र एउटा जनप्रतिनिधिसँग प्रमुख प्रशासकीय अधिकृत वा अन्य कर्मचारीहरूले सोचेअनुसारको क्षमता हुनुपर्दछ कि सोभन्दा भिन्न क्षमता आवश्यक हुन्छ भन्ने विषयको चिन्तन पनि सँगसँगै गर्नु पर्ने देखिन्छ ।

## स्थानीय सरकारका सम्बादको अबस्था :

हाल हामी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा छौं, जसको प्रभावकारी कार्यान्वयनका लागि सबैका बीच समझदारी अति आवश्यक छ । यसका लागि आपसी संवादको महत्व अत्याधिक छ, जसले नीति निर्माण र कार्यान्वयनलाई सहज र प्रभावकारी बनाउँछ । प्र.प्र.अ.लाई जनप्रतिनिधि र कर्मचारीसँगको संवादको अवस्था बारे सोध्दा प्राप्त जवाफले यसका विभिन्न पक्षलाई उजागर गरेको छ । यसले संवादमा सुधार र संस्थागत समन्वयको आवश्यकतालाई झल्काउँछ, जसले समग्र शासन प्रणालीको कार्यक्षमतामा सकारात्मक प्रभाव पार्न सक्छ । यस्का लागि आपसी सम्वाद अति महत्वपूर्ण हुन्छ । यस्मा प्र.प्र.अ. लाई जनप्रतिनिधि र कर्मचारीसंगको संबादको अबस्था बारे प्रश्न सोध्दा प्राप्त जवाफ निम्नानुसार रहेको छः

## विश्लेषण ३ : संवादको अवस्था प्रतिको सन्तुष्टि

**जनप्रतिनिधिहरु बीच छलफलको अवस्था प्रतिको सन्तुष्टि (%)**

| पूर्ण सन्तुष्ट | आंशिकरुपमा सन्तुष्ट | ठिकै | थोरै मात्र सन्तुष्ट | पूर्ण रूपमा सन्तुष्ट |
|---|---|---|---|---|
| १० | ४५ | ३६ | ७ | २ |

जनप्रतिनिधिहरू बीच छलफलको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतहरू कम सन्तुष्ट देखिएका छन, यसले जनप्रतिनिधि र कर्मचारीबीचको संवादमा कमीकै संकेत गर्दछ, जुन प्रशासनिक प्रक्रियामा प्रभावकारी निर्णय र समन्वयमा बाधा पुऱ्याउन सक्छ । प्रमुख प्रशासकीय अधिकृतहरूले जनप्रतिनिधिहरू बीचको संवादमा कमी देख्नुले संवादको स्तर र प्रभावकारिता बारे पुनः विश्लेषण आवश्यक बनाउँछ । यसलाई सुधार्नका लागि संस्थागत समन्वय र सहकार्यलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ ।

**जनप्रतिनिधिहरु र कर्मचारीहरु बीच छलफलको अवस्था प्रतिको सन्तुष्टि (%)**

| पूर्ण सन्तुष्ट | आंशिकरुपमा सन्तुष्ट | ठिकै | थोरै मात्र सन्तुष्ट | पूर्ण रूपमा सन्तुष्ट |
|---|---|---|---|---|
| ११ | ४७ | ३३ | ९ | - |

जनप्रतिनिधिहरूको बीचमा हुने छलफल भन्दा जनप्रतिनिधि र कर्मचारी बीच हुने छलफल केही मात्र धेरै हुने गरेको देखिएको छ । यसलाई सकारात्मक रूपमा लिनु पर्दछ ।

**कर्मचारीहरु बीच छलफलको अवस्था प्रतिको सन्तुष्टि (%)**

| पूर्ण सन्तुष्ट | आंशिकरुपमा सन्तुष्ट | ठिकै | थोरै मात्र सन्तुष्ट | पूर्ण रूपमा सन्तुष्ट |
|---|---|---|---|---|
| ३० | ५० | १४ | ६ | - |

जनप्रतिनिधि र जनप्रतिनिधि एवं जनप्रतिनिधि र कर्मचारीको बीचमा हुने छलफलभन्दा कर्मचारीबीच हुने संवादमा तुलनात्मकरूपमा धेरै सन्तुष्टि देखिए पनि प्रमुख प्रशासकीय अधिकृतहरूले यसमा पनि आंशिक सन्तुष्टि जाहेर गरेका छन् ।

## स्थानीय सरकारमा कामको वाडफाडको अबस्थाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा (४) (क) मा अध्यक्ष वा नगरप्रमुखको काम, कर्तव्य र अधिकारमा बैठक सञ्चालन गर्ने, एजेण्डा निर्माण गर्ने, वार्षिक कार्यक्रम निर्माण गर्ने, सभा आव्हान गर्ने, सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गराउने, स्थानीय सरकारको दैनिक कामको सुपरिवेक्षण गर्ने, पदाधिकारी र कर्मचारीलाई काजमा खटाउने, आबश्यक सिफारिश गर्ने, सार्वजनिक सम्पत्तीको रक्षा गर्ने, विभिन्न समितिहरूको कामको समन्वय गर्ने, गुनासो व्यबस्थापन गर्ने लगायत तोकिएका छन् ।

यसैगरी, दफा १६ को उपदफा (४) (ख) मा उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकारमा न्यायिक समितिको नेतृत्व गर्ने, गैससको समन्वय गर्ने, उपभोक्ता हित संरक्षणको काम गर्ने, योजनाको अनुगमन गर्ने, समितिहरूको काममा सहजीकरण गर्नेलगायत तोकिएका छन् ।

साथै, दफा १६ को उपदफा (४) (ग) मा वडाअध्यक्षको काम, कर्तव्य र अधिकारमा वडा समितिको अध्यक्षता गर्ने, सदस्यहरूको कामको समन्वय गर्ने, वडाको विकास योजनाको कार्यान्वयन र अनुगमन गर्ने, विभिन्न सिफारिस तथा प्रमाणित गर्नेलगायत तोकिएका छन् । यसैगरी, कानुनमा प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार पनि लेखिएका छन्, जस्को चर्चा माथि गरिसकिएको छ । प्रस्तुत सन्दर्भमा जनप्रतिनिधि र कर्मचारीलाई तोकिएको कामको बाँडफाँडप्रति प्रमुख प्रशासकीय अधिकृतहरूको अभिमत निम्नानुसार पाईएको छः

## विश्लेषण ४ : कामको बाँडफाँट प्रतिको सन्तुष्टिः

**संविधान अनुसार तीन तहका सरकारको कामको बाँडफाँट** (%)

| पूर्ण सन्तुष्ट | आंशिकरुपमा सन्तुष्ट | ठिकै | थोरै मात्र सन्तुष्ट | पूर्ण रूपमा सन्तुष्ट |
|---|---|---|---|---|
| ८ | ४६ | २५ | १७ | ४ |

संविधान अनुसार काम, कर्तव्य र अधिकारको बाँडफाँडसम्बन्धमा कानुन, कार्यविधि र सहकार्यको खाँचोको बारेमा आम बुझाइअनुसार नैं प्रमुख प्रशासकीय अधिकृतहरूले आफ्नो धारणा व्यक्त गरेका छन् । प्रमुख प्रशासकीय अधिकृतहरू सङ्घको कर्मचारी भए पनि वर्तमान अवस्थाप्रति आंशिकरूपमा मात्रै सन्तुष्ट देखिनुले अहिलेको अवस्थामा थप सुधार र सहकार्यको मागलाई देखाएको छ ।

**स्थानीय तह भित्र कामको बाँडफाँट** (%)

| पूर्ण सन्तुष्ट | आंशिकरुपमा सन्तुष्ट | ठिकै | थोरै मात्र सन्तुष्ट | पूर्ण रूपमा सन्तुष्ट |
|---|---|---|---|---|
| ७ | ५२ | २७ | १४ | - |

तीन तहका सरकारको अनुपातमा नैं स्थानीय तह भित्रको कामको बाँडफाँटको अवस्थाको बारेमा देखिएको सन्तुष्टिले भने धेरै प्रश्नहरू सिर्जना गरेको छ । स्थानीय सरकारको अभ्यास सुरु भएको ७-८ वर्ष हुँदा पनि प्रमुख प्रशासकीय अधिकृतले सोचे अनुरुपको कामको बाँडफाँट हुन् नसक्नुका कारण र त्यसको समाधानको बारेमा आगामी दिनमा थप अनुसन्धान एवं विचार विमर्श आवश्यक देखिन्छ ।

**कामको बाँडफाँटको बारेमा जनप्रतिनिधिको बुझाइ** (%)

| पूर्ण सन्तुष्ट | आंशिकरुपमा सन्तुष्ट | ठिकै | थोरै मात्र सन्तुष्ट | पूर्ण रूपमा सन्तुष्ट |
|---|---|---|---|---|
| - | २२ | ४६ | २९ | ३ |

स्थानीय तहमा कामको बाँडफाँटको बारेमा जनप्रतिनिधिहरूको बुझाइको बारेमा प्रमुख प्रशासकीय अधिकृतहरूको सन्तुष्टि अत्यन्तै न्यून देखिएको छ। यसलाई माथिको प्रश्न संग पनि जोडेर विश्लेषण गर्न सकिन्छ। स्थानीय तहमा कामको बाँडफाँटको बारेमा जनप्रतिनिधिहरूको कमजोर बुझाई पनि कामको पूर्ण बाँडफाँड हुन् नसक्नुको एउटा कारण हुन् सक्दछ। यद्यपि यो थप अनुसन्धान र विश्लेषणको विषय हो।

**कामको बाँडफाँटको बारेमा कर्मचारीको बुझाइ** (%)

| पूर्ण सन्तुष्ट | आंशिकरुपमा सन्तुष्ट | ठिकै | थोरै मात्र सन्तुष्ट | पूर्ण रूपमा सन्तुष्ट |
|---|---|---|---|---|
| १० | ५४ | २९ | ७ | - |

जनप्रतिनिधिको तुलनामा कर्मचारीहरूको कामको बाँडफाँटको बारेमा बुझाइमा प्रमुख प्रशासकीय अधिकृतहरू केही सन्तुष्ट देखिए पनि पूर्ण सन्तुष्ट भन्दा आंशिक रूपमा सन्तुष्ट देखिए छन्। आफ्ना कर्मचारीहरूले नैं कामको बारेमा नबुझेको भन्ने उनीहरूको धारणाको बारेमा आगामी दिनमा थप विचार र विमर्श आवश्यक छ।

## स्थानीय सरकारको नीति निर्माण र विविध गतिविधिको अबस्था

नेपालको संविधानले स्थानीय सरकारलाई आफ्नो सभाबाट कानून निर्माण गर्ने अधिकार दिएको छ, जसको अभ्यास विगत सात वर्षदेखि भइरहेको छ। प्रत्येक वर्ष कार्यपालिकाले नीति तथा कार्यक्रम जारी गर्दै आएका छन, जसमा केही कानुन र नीतिहरू उदाहरणीय देखिन्छन् भने कतिपयमा सुधारको आवश्यकता देखिएको छ। स्थानीय सरकारको कार्यपालिकाभित्र सामान्यतः कम्तीमा पाँचवटा समिति र सभाभित्र तीनवटा समिति गठन हुने प्रावधान छ। यी समितिहरू केही स्थानीय तहमा प्रभावकारी रूपमा क्रियाशील छन् भने कतिपयमा निष्कृय देखिएका छन। यसैगरी, स्थानीय सरकारहरूले विकास आयोजनाहरू सञ्चालन गर्नुकासाथै आन्तरिक राजस्व संकलन गर्ने कार्यलाई प्राथमिकता दिइरहेका छन्। तर ७५३ वटा स्थानीय सरकारको कार्यक्षमता, कानुनी कार्यान्वयन, र व्यवस्थापनस्तर एकरूप छैन। प्रमुख प्रशासकीय अधिकृतहरूको विचारलाई आधार मान्दा यी विषयहरूको प्रभावकारिता र चुनौतीबारे निम्न नतिजा देखिएकोछः


## विश्लेषण ५ : नीति र संरचना प्रतिको सन्तुष्टिको अवस्था

**नीति निर्माणप्रतिको सन्तुष्टि** (%)

| प्रश्नावली | पूर्ण सन्तुष्ट | आंशिकरूपमा सन्तुष्ट | ठीकै | थोरै मात्र सन्तुष्ट | पूर्णरूपमा सन्तुष्ट |
|---|---|---|---|---|---|
| नीति तथा कार्यक्रम कार्यान्वयन प्रतिको सन्तुष्टि | ७ | २९ | ४४ | १७ | ३ |
| शाखा, महाशाखाका विभाजन प्रतिको सन्तुष्टि | २० | ४२ | २७ | ८ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| समिति, उपसमिति निर्माण प्रतिको सन्तुष्टि | ७ | ४१ | २९ | २१ | २ |
| दरबन्दी प्रतिको सन्तुष्टि | ५ | ४७ | २६ | २० | २ |
| परियोजना विकास विधि | - | ३४ | ४१ | १७ | ८ |
| परियोजना छनौट विधि | २ | ३३ | ३४ | २१ | १० |
| परियोजना अनुगमन विधि | ५ | ४१ | ४१ | १३ | - |
| राजश्व संकलन रणनीति | ३ | ४० | ४१ | १५ | १ |
| राजश्व संकलनको अवस्था | ४ | ३३ | ४३ | २० | - |
| जनप्रतिनिधिको क्षमता विकास कार्यक्रम | - | ३० | ३४ | २९ | ७ |
| कर्मचारी क्षमता विकास कार्यक्रम | २ | ४६ | ३२ | १८ | २ |

**स्रोतः** Centre For Innovative Governance Practices (CIGP)





यसबाट स्पष्ट हुन्छ कि प्रमुख प्रशासकीय अधिकृतहरू नीति निर्माणको प्रक्रिया र यसको कार्यान्वयनमा पूर्ण सन्तुष्ट छैनन् । उनीहरूले विधिको पालना र दीर्घकालीन रणनीतिक आधारमा योजना निर्माणका अभावमा गुनासो जनाएका छन् । यस सन्दर्भमा, नीति निर्माणका प्रक्रियामा सुधार र दीर्घकालीन दृष्टिकोणमा आधारित योजना निर्माणको आवश्यकता रहेको देखिन्छ । प्रमुख प्रशासकीय अधिकृतहरूको सन्तुष्टिको स्तरलाई मद्दत पुऱ्याउनका लागि नीतिहरूमा पारदर्शिता र प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्न आवश्यक छ । साथसाथै, नीति निर्माणमा विधिको पालन र दीर्घकालीन् रणनीतिका आधारमा योजनाहरू बनाउन ध्यान दिनु पर्छ, ताकि समग्र प्रशासनिक प्रक्रिया अझ प्रभावकारी र जनहितकारी बनोस् ।

**हाल कार्यरत स्थानीय तहको सुधारको क्षेत्र वर्गीकरण** (%)

| प्राथमिकता | संवाद | कामको पुन: बाँडफाँट | स्थानीय कानुन एवं कार्यविधि निर्धारण | क्षमता विकास | व्यवस्थित योजना तर्जुमा | व्यवस्थित सार्वजनिक खरिद | साधन र स्रोतको व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| पहिलो | १२ | ७ | २७ | ३० | ८ | ४ | १२ |
| दोस्रो | ९ | ११ | १६ | २१ | १५ | १६ | १२ |
| तेस्रो | १० | १२ | १२ | ९ | ३३ | १० | १४ |
| चौथो | ५ | ६ | ८ | १७ | २१ | २७ | १६ |
| पाँचौं | ६ | १६ | २२ | ४ | ८ | २१ | २५ |
| छैठौं | २० | २० | १२ | १३ | १२ | १२ | ११ |
| सातौं | ४१ | २७ | ४ | ७ | ३ | ६ | १२ |


**स्रोत:** Centre For Innovative Governance Practices (CIGP)



**जनप्रतिनिधि एवं कर्मचारीहरु बीच छलफल र थप सुमधुर सम्बन्ध बनाउन के प्रयत्न गर्नु पर्दछ ?(%)**

| प्राथमिकता | कामको पुनः बाँडफाँट | संवाद संस्कृतिको विकास | जन-प्रतिनिधिको विशेष | कर्मचारीको विशेष प्रयत्न |
|---|---|---|---|---|
| पहिलो | २० | ५० | २२ | ८ |
| दोस्रो | २९ | १७ | ३६ | १८ |
| तेस्रो | १७ | २८ | २८ | २७ |
| चौथो | ३७ | १० | १२ | ४१ |


**स्रोत**: Centre For Innovative Governance Practices (CIGP)




**अहिलेको कामको बाँडफाँटलाई थप चुस्तदुरूस्त र प्रभावकारी बनाउन के गर्नु पर्दछ? (%)**

| प्राथमिकता | जनप्रतिनिधि-कर्मचारी सेमिनार | नयाँ कार्यविधि तर्जुमा | कामको बाँडफाँडको अवस्था अनुसन्धान | हालको बाँडफाँडमा सामान्य सुधार |
|---|---|---|---|---|
| पहिलो | ३६ | १७ | ३५ | १२ |
| दोस्रो | २१ | २६ | ३४ | १९ |
| तेस्रो | २३ | ३५ | २१ | २१ |
| चौथो | २० | २० | ८ | ५२ |


**स्रोत**: Centre For Innovative Governance Practices (CIGP)




**अहिलेको नीतिमा सुधार गर्न कसको भूमिका निर्णायक ठान्नु हुन्छ? (%)**

| प्राथमिकता | संघीय सरकारको नीति | प्रदेश सरकारको नीति | स्थानीय सरकारको नीति | स्थानीय जनप्रतिनिधि | स्थानीय तहमा कार्यरत कर्मचारी |
|---|---|---|---|---|---|
| पहिलो | ७२ | ४ | १२ | १० | २ |
| दोस्रो | ११ | ६० | १६ | १० | ३ |
| तेस्रो | २ | १० | ६४ | १० | १४ |
| चौथो | ६ | ८ | ८ | ६४ | १४ |
| पाँचौं | ८ | १८ | - | ७ | ६७ |

**स्रोतः** Centre For Innovative Governance Practices (CIGP)





**स्थानीय तहमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्न कसको भूमिका निर्णायक ठान्नु हुन्छ?** (%)

| प्राथमिकता | संघीय सरकारको नीति | प्रदेश सरकारको नीति | स्थानीय सरकारको नीति | स्थानीय जनप्रतिनिधि | स्थानीय तहमा कार्यरत कर्मचारी |
|---|---|---|---|---|---|
| पहिलो | २५ | १४ | ३९ | १८ | ४ |
| दोस्रो | २९ | २२ | २५ | २० | ४ |
| तेस्रो | ९ | २२ | २७ | १८ | २४ |
| चौथो | १४ | ३० | ८ | ४० | ८ |
| पाँचौं | २२ | १२ | २ | ४ | ६० |

**स्रोत**: Centre For Innovative Governance Practices (CIGP)

स्थानीय तहमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्न विभिन्न तहको नीति र प्रयास निर्णायक ठहरिन्छ । संघीय सरकारको नीति पहिलो र दोस्रो प्राथमिकतामा उच्च स्थानमा छ । जसले यसको महत्व उजागर गर्छ । प्रदेश सरकारको नीति दोस्रो र तेस्रो प्राथमिकतामा सन्तुलित भूमिकामा रहेको देखिन्छ ।

स्थानीय सरकारको नीति पहिलो र तेस्रो प्राथमिकतामा अग्रणी छ, जसले नीतिगत कार्यान्वयनमा यसको प्रभावकारिता देखाउँछ। स्थानीय जनप्रतिनिधि र कर्मचारीको योगदान पनि चौथो र पाँचौं प्राथमिकतामा महत्वपूर्ण ठहरिएको छ।




## निष्कर्ष तथा आगामी पाईला:

प्रस्तुत आलेखमा स्थानीय सरकारको प्रमुख प्रशासकीय अधिकृतको कानूनी हैसियत र तिनको कार्यक्षेत्रको महत्वलाई उजागर गरिएको छ। स्थानीय सरकारहरूको प्रमुख प्रशासकीय अधिकृतहरूका कर्तव्य र जिम्मेवारीहरूको पृष्ठभूमिमा आधारित मूल्यांङ्कनले हामीलाई विगत सात वर्षको अभ्यासबाट महत्वपूर्ण निष्कर्षहरू प्राप्त गराउन मद्दत गरेको छ। यस निष्कर्षअनुसार, स्थानीय सरकारहरूले जनतासम्म पुग्न सफल भई संघीयताका आधारस्तम्भका रूपमा आफूलाई स्थापित गर्नसकेका छन्। तथापि, उनीहरूको कार्यान्वयन प्रक्रियामा अझै केही चुनौतीहरू रहेका छन् जसले सुशासन र विधिको शासनको विकासमा अवरोध पुऱ्याएको छ।

स्थानीय सरकारका गतिविधिहरूमा अपेक्षित गति र प्रभावकारिता अभावको कारण एकतापूर्ण र समग्र विकासमा असहजता आएको देखिन्छ। निर्वाचित जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतहरू बीचको

दूरी र आत्मीयता अभावका साथै कार्यकारिणी प्रक्रियामा पारदर्शिता र स्पष्टताको कमीले स्थानीय सरकारको कार्यप्रवाहलाई अनिश्चितता र ढिलो प्रभाव पुऱ्याएको छ। स्थानीय सरकारका प्रमुख प्रशासकीय अधिकृत र निर्वाचित जनप्रतिनिधिहरू बीच स्पष्ट कार्यसम्पादन करार र आपसी समझदारीको आधारमा काम गर्नुपर्ने आवश्यकता छ। यसले प्रत्येक पक्षको जिम्मेवारीलाई निश्चित पार्नेछ र स्थानीय सरकारको कार्यान्वयनलाई प्रभावकारी बनाउनेछ। स्थानीय सरकारहरूको प्रभावकारिता र दिगो विकासको लागि कानुनी, प्रशासनिक र संरचनात्मक सुधार अत्यावश्यक छ। प्रमुख प्रशासकीय अधिकृतहरूको क्षमता, जिम्मेवारी र संस्थागत सहयोगमा सुधारले स्थानीय सरकारलाई जनतासम्म प्रभावकारी र पारदर्शीरूपमा पुग्नमा सघाउँछ। यी सुधारहरू लागू गर्न सकिएमा स्थानीय सरकारको कार्यान्वयन समग्र विकासमा सकारात्मक परिवर्तन ल्याउनेछ।

## सन्दर्भ सामाग्रीः

नेपालको संविधान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालनसंग स्म्बन्धित प्रचलित कानूनहरू

प्रमुख प्रशासकीय अधिकृतहरूको भूमिका सम्बन्धी आलेखहरू

दीर्घकालीन योजनाहरू र बजेट व्यवस्थापन दिग्दर्शन

प्रमुख प्रशासकीय अधिकृतहरूको भूमिका र जिम्मेवारीका बारेमा बनाइएका रिपोर्टहरू (CIGP)

***